# दोस्रो अध्याय

# पूर्वसाहित्यको समीक्षा

## २.१ परिचय

यो मुलुकमा हाल आदिवासी/जनजाति भनिने किरात राई करिब २८ विभिन्न जातिमा विभक्त रहेको पाइन्छ । यी सबैमा सामाजिक, सांस्कृतिक जीवनपद्धतिमा पनि भिन्नता देखिन्छ । यीमध्ये केहीबाहेक बाँकी राईअन्तरगतका अन्य जातिहरुको हालसम्म वैज्ञानिक अध्ययन भएको पाइँदैन । यसैले उनीहरुको परम्परागत मान्यतामा आधारित संस्कार, संस्कृतिहरु लोप हुने अवस्थामा रहेको देखिन्छ । किरातहरुको बारेमा केही स्वदेशी र केही विदेशी लेखकहरुले विभिन्न किसिमले प्रकाश पारेका छन् । किरातहरुको बारेमा त केही प्राचीन ग्रन्थ, साहित्य आदिमा पनि चर्चा गरेको पाइन्छ । त्यसैगरी किरात समूहअन्तरगतको राई समूहका केही जातिहरुको पनि अध्ययन भएको छ । तर, साम्पाङ राईहरुको बारेमा अहिलेसम्म प्रारम्भिक अध्ययन पनि भएको पाइँदैन । त्यसैले किरातबारे भएका अध्ययन, राईको केही जातिबारे लेखिएका सामग्री र अन्य आदिवासी/जनजाति, जातीय समूहबारे लेखिएका पुस्तकहरुलाई आधार मानेर पूर्वसाहित्य समीक्षा गर्नुपर्ने स्थिति छ । त्यसैले यस विषयको साहित्य समीक्षामा माथि उल्लेखित केही सान्दर्भिक पुस्तकहरुको समीक्षा गरिएको छ ।

नेपालजस्तो बहुजातीय समाजमा मानवशास्त्रीय/समाजशास्त्रीय अध्ययन-अनुसन्धानमा विभिन्न जातजाति, आदिवासी/जनजाति र जातीय समूहको अध्ययनले विशेष महत्व राख्दछ । वास्तवमा पिछडिएका आदिवासी/जनजाति, जातीय समूह, अछूत, दलित भनिने सबैको अध्ययनमा आवश्यक मानवशास्त्रीय/समाजशास्त्रीय सिद्धान्तको विकास गर्न अनेक वैज्ञानिक पूर्वकथनहरुको परीक्षण गर्न त्यस्ता अध्ययनले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । हालसम्म यसबारे केही अध्ययन भैसकेको छ । किरातबारे धेरै अध्ययन भएको छ । त्यसैगरि राई समूहका केही जाति, लिम्बू र सुनुवारका बारे पनि केही अध्ययन भैसकेको छ । राई समुदायमा रहेका सबै जाति, समूहहरु सबैको सामाजिक-सांस्कृतिक

जीवनपद्धति फरकफरक किसिमको छ । कुनै एक जातिको अध्ययन र बुझाइले अन्य जातिको विषयमा अध्ययन गर्न सहयोग पुऱ्याउँछ । त्यसैले, यहाँ किरात र किरात राई समूहका अन्य विभिन्न जातिहरुका विषयमा लेखिएका ग्रन्थहरुको समीक्षा गर्नु आवश्यक देखिएको छ । कतिपय ग्रन्थहरु किरातबारे नलेखिएको भए पनि सन्दर्भवश त्यस्ता ग्रन्थहरुमा पनि किरातबारे चर्चा भएको पाइन्छ । ती केही ग्रन्थहरुको चर्चा गरिन्छ ।

## २.२ साहित्य समीक्षा

श्रीमुनिलाल गुप्तद्वारा अनुवादित तथा गीताप्रेस गोविन्द भवन-कार्यालयबाट वि.सं. २०२७ मा प्रकाशित **विष्णुपुराण**को श्लोकमा **योजनानां सहस्रं तु द्वीपोऽयं दक्षिणोत्तरात् । पूर्वे किराता यस्यान्ते पश्चिमे यवनाःस्थिताः ॥८** भनी यस द्वीप उत्तरबाट दक्षिणसम्म सहस्र योजन छ । यसको पूर्वीय भागमा किरातहरु र पश्चिममा यवन बसेका छन् भनी किरातहरुको बसोबासको स्थानबारे चित्रण गरेको पाइन्छ । जसअनुसार किरातहरुको बसोबास सहस्र योजनको पूर्व भागलाई मानेको देखिन्छ । यस भनाइबाट पनि किरातहरुको तत्कालिन बसोबास नेपाली भूमितर्फ नै भएको संकेत मिल्दछ ।

लेखक बदरीदत्त पांडेले आफैंले प्रेमकुटीबाट वि.सं. १९९४ मा प्रकाशन गरेको पुस्तक **कुमाउँ का इतिहास**को पृ. ५११ मा उत्तरीय पर्वतमा बस्ने केही जातिहरुको चर्चा गरेका छन् । तिनमा (१) दरद, (२) काश्मीर, (३) कम्बोज, (४) गांधार, (५) चीण, (६) शक, (७) यवन, (८) हूण, (९) नाग, (१०) खस, (११) किरात प्रमुख भएको चर्चा गरेका छन् । साथै उनले किरातहरुलाई पहिलो शताब्दीतिर यमुनाको घाँटीमा बसोबास गर्ने कुरा उल्लेख गरेका छन् । कालान्तरमा उनीहरु त्यस क्षेत्रबाट नेपालमा प्रवेश गरेको कुराको संकेत पनि उनले दिएका छन् । तर, यसको स्वतन्त्र पुष्टि भने कतैबाट भएको पाइँदैन । यसअनुसार किरातहरु यमुनाको घाँटीबाट बसाइँ सर्ने क्रममा नेपाल प्रवेश गरेका हुन वा यिनीहरु यहींका आदिवासी हुन भन्न सकिने अवस्था छैन ।

अर्को ग्रन्थ योगप्रचारिणीतद्वारा सम्पादित तथा गोरक्षटिल्लाकाशबाट वि.सं. २०१३ मा प्रकाशित **स्कन्दपुराण हिमवत्खण्ड**को पृ. ३०३ मा पनि किरातबारे चर्चा पाइन्छ । उक्त पुराणको श्लोकमा **रुक्षनामकिरातस्य आजन्मपापकर्म्मणः । लिखितं बहुपापानि मनाङ्न विद्यते शुभम् ॥३७॥** भनेर चित्रगुप्तले सम्पूर्ण प्राणीहरुको पाप र धर्मको सबै ठिकठिक विवरण तयार गरेर राख्ने गरेको तर एकदिन कुनै प्राणीले चित्रगुप्तले लेखेको विवरण मेटिदिएछ

अनि चित्रगुप्त ब्रह्माजीकहाँ गएर बिन्ती गर्दै भने, 'हे भगवान् रुक्षनाम गरेका किराती जसले आजन्म पापबाहेक थोरै पनि कुनै धर्म कर्म गरेका थिएनन् । तिनका सबै पापकर्महरु मैले लेखेको थिएँ । तर, ती सबै अक्षर कुनै नरकबासी कसैले मेटिदिएछ । म हजुरसँग बिन्ती गर्न आएको हुँ ।' यसरी यमराज भगवान्‌लाई चित्रगुप्तले विन्ती गरेको चित्रण पाइन्छ । यस श्लोकको आसयले तत्कालिन समयका किरातहरुबाट पाप कर्म धेरै हुने गरेको र त्यसबारेमा सवै अभिलेख तयार गरेर चित्रगुप्तले राख्ने गरेकोमा एक दिन ती सवै लेखिएका वर्णनहरु कसैले मेटिदिएकोमा चिन्तित भएर चित्रगुप्ताले यमराजसमक्ष विन्ती गरेअनुसार तत्कालिन समयमा किरातहरुको आचार-व्यवहार केही पापकर्मको थियो भन्ने संकेत पाइन्छ ।

यसैगरी गौरीशंकर 'वसिष्ठ'द्वारा सम्पादन गरी वाराणसी, बम्बई बुक डिपोबाट (प्रकाशित मिति नभएको) **श्रीस्वस्थानी-व्रतकथा**मा समेत किरातबारे उल्लेख गरेको पाइन्छ । यस व्रतकथामा शिव/महादेव र पार्वतीको कथासँग किरातको प्रसंग जोडिएको छ । यहाँ महादेवले पार्वतीलाई छक्याउन किरातीको रुप धारण गरी श्लेष्मान्तक वनमा शिकार खेल्दै हिँडेका र पार्वती पनि आफ्ना पतिलाई खोज्दै जाँदा पति वनमा, "किरातीको रुप धारण गरी हिँडिरहेको थाहा पाइन् र पार्वतीले पनि जगदीश्वरलाई छक्याउनका निम्ति अत्यन्त राम्री किरातिनीको रुप धारण गरी, ... किरातिनी रुप पार्वतीको पछि लागेर जानुभयो । जाँदा-जाँदा हिमालय पर्वतका घरमा पुगे अनि महादेवले थाहा पाई, यिनी त पार्वती पो रहिछन् । यिनले मलाई छल गरेर आफ्ना माता-पिताछेउ ल्याइन्, अब के गरुँ, भनी लाज मानी अन्तरध्यान भएर किरातेश्वर शिवलिङ्ग भएर श्लेष्मान्तक वनको उत्तर भागमा गएर बसिरहनुभयो" भनी उल्लेख पाइन्छ । जुन वर्णनअनुसारको शिवलिङ्ग हाल पशुपतिक्षेत्र गौरीघाटनजिक मृगस्थलीमा अवस्थित छ । यसरी किरातको बारेमा शिव/महादेवसँग जोडिएर आएको देखिन्छ । कतिपयले महादेव नै किरात हुन् पनि भनेका छन् । तर, यो कथाअनुसार शिव/महादेव स्वयं किरात नभए पनि किरातको अस्तित्व उनै महादेवको समयदेखि नै रहेको भन्ने देखिएकाले उनीहरु समकालिन देखिन्छन् । यसअनुसार किरात प्राचीन जातिको रुपमा देखिन आउँछ ।

यस्तै अर्का सम्पादक राहुल सांस्कृत्यायनद्वारा सम्पादित तथा इलाहबाद, किताब महलबाट वि.सं. २०१४ मा प्रकाशित **ऋग्वैदिक आर्य** (ऐतिहासिक और सांस्कृतिक अध्ययन) नामक पुस्तकको पृ. ८२ मा पनि किरातबारे उल्लेख गरेको पाइन्छ । जसमा, आजभोलिका

विद्वान् संस्कृतको किरातलाई मोन्-ख्मेर नामले बोलाउँछन्, किर या किराती जातिको उल्लेख ऋग्वेदमा छैन तर यस पहाडमा त्यस समयमा यिनै जाति बस्ने र पूर्वी नेपाललाई आज पनि किराती देश भनिन्छ भनी उल्लेख गरेका छन् । यस भनाइबाट ऋग्वेदकालमा किरात थिए र त्यसकालमा उनीहरु जङ्गलमा बस्दथे भन्ने कुरा बुझिन्छ ।

किरात राई र राई समूहका कतिपय जातिहरुसँग सम्बन्धित भएर लेखिएका केही लेख्य सामग्रीहरुबारे चर्चा गरिँदै छ । किरातबारे सर्वप्रथम ग्रन्थकार भारवीद्वारा लेखिएको र आदित्यनारायण पाण्डेयद्वारा सम्पादन गरि चौखम्बा संस्कृत सीरीज आफिस, वाराणसीबाट वि.सं. २०१८ मा प्रकाशित **किरातार्जुनीयम्** महाकाव्य रहेको पाइन्छ । यसमा किरात र अर्जुनबीचमा भएको आखेटलाई लिएर भएको द्वन्द्वबारे बयान गरेको पाइन्छ । यसमा अर्का मुख्य पात्रको रुपमा शिवजी देखिएका छन् । शिवजीले आफ्नो शक्ति मजबुत गर्न ठूलो किराती सेना खडा गरेका थिए भन्ने उल्लेख पाइन्छ । यसबाट किरातहरु प्राचीन समयमा नै रणकौशलमा निपूण रहेछन् भन्ने बुझिन्छ । सो पुस्तकका श्लोकहरुमा किरातसम्बन्धी विभिन्न चित्रण गरेका छन् । यसमा, **श्रियः कुरुणामधिपस्य पालनीं प्रजासु वृतिं यमयुङ्क्त वेदिततुम् । स वर्णिलिङ्गी विदितः समाययौ युधिष्ठिरं द्वैतवने वनेचरः ॥१॥** भनी कुरुदेश निवासी प्रजाका स्वामीको राज्यश्रीको रक्षा गर्न समर्थ प्रजावर्गका साथ गरिने व्यवहार बुझ्नका लागि जुन वनेचर (किरातलाई) ब्रह्मचारीको भेषमा राजा युधिष्ठिरले जङ्गलबाट हस्तिनापुर पठाएका थिए, तिनै वनेचर (किराती) सबै कुरा बुझेर वृत्तान्त सुनाउन राजा युधिष्ठिरसामु उपस्थित भएको चर्चा पाइन्छ । सोही पुस्तकको चतुर्दशः सर्गमा **किरातसैन्यादुरुचापनोदिताः समं समुत्पेतुरुपात्तरंहसः । महावनादुन्मन्मनसः इव प्रवृत्तपत्तध्वनयः शिलीमुखाः ॥४५॥** भनेर जसरी वनबाट एकैसाथ उड्ने पंक्षीहरुको ठूलो हुल उड्ने क्रममा प्रवृत्त भएका पखेटाका स्वाँः आवाज निकाल्छन् त्यसैगरी किरातीहरुका सेनाका ठूला धनुबाट प्रहार गरिएको वाणहरु ती पंक्षीहरुका प्वाँखका शब्दजस्तै गरी बडो वेगले एकैसाथ छुटेको चित्रण गरेका छन् । यस पुस्तकमा राई र राईजातिभित्र हुने विभिन्न जातिहरुको बारेमा भने केही उल्लेख छैन ।

यसैगरी वि.सं. २०१८ मा गुप्ता द रिसर्च डिपार्टमेन्टबाट प्रकाशित भेर्रियर इल्विनको **नागाल्यान्ड** पुस्तकमा नागा जातिबारे अध्ययन गरेका छन् । पुस्तकमा उनले चालीस अथवा पचास लाख इन्डो-मङ्गोल जातिमा नागाहरु पनि समावेश छन् । किरात

शब्दलाई हिमालयतिर बसोबास गर्ने अनार्य जातीय समूहको रुपमा प्रयोग भएको कुरा उल्लेख गरेका छन् । यस्तै उनले नागाहरु हिमालीबाट पहाडी मान्छे भनी व्याख्या गरिएको छ भन्ने चर्चा गर्दै उनीहरु पनि किरात समूहमा नै पर्ने चर्चा गरेको पाइन्छ । यस भनाइअनुसार नागा जातिहरु कुनै समयमा नेपाली भूमिमा बसोबास गरी पछिका दिनहरुमा बसाइँ-सराइको कारणले अन्यत्र रहन पुगेको हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

किरात जातिको बारेमा प्राचीन ग्रन्थ वेदहरुमा पनि उल्लेख भएको छ । विश्ववन्धुनाद्वारा सम्पादित तथा विश्वेश्वरानन्द-वैदिक-शोध-संस्थानम्बाट वि.सं. २०१८ मा प्रकाशित **अथर्ववेद** दोस्रो भागमा सम्पादकले किरातका बारे एउटा श्लोकमा- **कैरातिका कुमारिका सका खनति भेषजम् । हिरण्ययीभिः अभ्रिंऽभिः गिरीणाम् उप सानुषु ॥१४॥** भनी चर्चा गरेका छन् । यो श्लोकबाट किरात जातिका कुमारी कन्याहरुले हिरण्यमयी नामको सुनजस्तो चमकदार तथा तेजिलो धार भएको कोदालोले पर्वतीय शिखरमा रहेका औषधिहरु खन्ने गर्दछन् भन्ने आशय व्यक्त गरको छ । यसबाट तत्कालिन समयमा पनि किरातहरु जंगली जडिबुटी प्रयोग गर्न सक्दथे भन्ने बुझिन्छ । यस प्रकार विभिन्न प्राचीन साहित्यिक स्रोतहरुमा विभिन्न अर्थ र प्रसंगहरुमा किरातबारे चर्चा गरेको पाइन्छ । यी चर्चाहरुबाट किरातहरु प्राचीनकालदेखि जातीय अस्तित्वमा रहेको कुरा बुझ्न सकिन्छ । तर वैदिक, पौराणिक तथा महाभारतकालिन समयहरुमा भने किरातभित्र अन्य विभिन्न जातजातिहरुको विभाजन भइसकेको संकेत पाइँदैन । किनभने, सबै ग्रन्थहरुमा केवल किरात उल्लेख छ भने यसअन्तरगत कुनै दोस्रो जातिहरुको बारेमा केही उल्लेख्य विवरण पाइँदैन । यसअनुसार किरातअन्तरगत राई र राईअन्तरगत पनि विभिन्न जातिहरुको सन्दर्भ यी प्राचीन ग्रन्थको समयभन्दा निकै पछि मात्र अस्तित्वमा आएको अनुमान गर्न सकिन्छ ।

अर्का लेखक श्रीबहादुर सुब्बा (ताम्लिङ)को चौखम्बा संस्कृत सीरीज आफिसबाट वि.सं. २०२४ मा प्रकाशित गरेको **सूर्यवंशी किरातेश्वर वंशावली** नामक पुस्तक पाइन्छ । यो पुस्तकमा लेखकले किरातहरूको उत्पत्तिसम्बन्धी संक्षिप्त कथा, यिनीहरूको वंशावली, राज्यव्यवस्था, धर्म तथा संस्कृतिको बारेमा उल्लेख गरेका छन् । उनले खोज गर्ने क्रममा नेपाललगायत भारतका विभिन्न क्षेत्रहरूको भ्रमण गरी जानकार व्यक्तिहरूसँग सम्पर्क गरी किरातसम्बन्धी विवरण सङ्कलन गरेको कुरा उल्लेख गर्दै किरातीहरूका आदिपुर्खा 'याकुवा' हुन् भनेका छन् । यही याकुवाको जम्मा अठार भाइ छोराहरुकै वंश फैलिँदै सारा पृथ्वीका

द्वीप-दिपान्तरमा राज्य स्थापना गर्दै गएका हुन् भनेका छन् । उनले सूर्यवंशी किरातहरूले नेपालमा राज्य गर्ने क्रममा सर्वप्रथम ९० वर्ष राज्य गर्ने यलम्बर सावा हाङदेखि २९ पुस्तासम्म जम्मा १७४० वर्ष राज्य सञ्चालन गरेको कुरा पनि चर्चा गर्दै किरातीहरूले नेपालको पूर्व क्षेत्रमा पनि धेरै वर्षसम्म राज्य गरेको बताएका छन् । त्यस्तै लेखकले पूर्वका विभिन्न ठाउँहरूमा राज्य गर्दै गरेको अवस्थामा गोर्खाका राजा पृथ्वीनारायण शाहको राज्य एकीकरणका कारणले यी किराती राज्यको अन्त्य भएको बताएका छन् । किराती राज्य विजय गर्ने क्रममा पृथ्वीनारायण शाहको फौजले उदयपुर, मकवानपुर आदि हुँदै माझकिरातको पामाखम् रावाखोलामा हमला गरी त्यहाँका अटल राई र चतमे [चतुरधना] राई आपुंगी राजालाई पराजित गरेको कुरा पनि लेखेका छन् । उल्लेखित चतमे [चतुरधना] राई साम्पाङ राई भएको बुझिन्छ । लेखकले पुस्तकमा किरातका सामाजिक-सांस्कृतिक रीतिस्थितिबारे सामान्य चर्चा गरेका छन् । तर, किरात राई समूहमा हुने विभिन्न जाति र तिनीहरु हुने संस्कार-संस्कृतिको बारेमा भने चर्चा गरेको पाइँदैन ।

यस्तै अल्बेर्तेन वेबेरेण शोधिताद्वारा सम्पादन गरी चौखम्बा संस्कृत सीरीजले वि.सं. २०२९ मा प्रकाशित गरेको पुस्तकको पृ. ८४५ मा **श्रीशुक्लयजुर्वेद वाजसनेयिसंहिता**मा, "...**गुहाभ्य किरातम्** ६..." उल्लेख छ । यसको अर्थ गुफामा बसोबास गर्ने किरात जाति भन्ने बुझिन्छ । यसर्थ यजुर्वेदकालमा किरातहरु गुफा वा जङ्गलमा बासोबास गर्ने जातिको रुपमा चिनिएका रहेछन् भन्ने अनुमान गर्न सकिन्छ । अर्थात् यस कालसम्म किरातहरु सामान्य समाजमा नभएर जंगली अवस्थामा जीवन निर्वाह गर्ने गर्दथे भन्ने अनुमान हुन्छ । वैदिक कालभन्दा पछि यो जाति सामान्य जीवन गुजारा गर्नेतर्फ अग्रसर भएको हो भन्ने मान्न सकिन्छ ।

यसैगरी अर्का लेखक इमानसिंह चेम्जोङद्वारा लिखित तथा नेपाली साहित्य परिषद्बाट वि.सं. २०३१ मा प्रकाशित **किरातकालीन विजयपुरको संक्षिप्त इतिहास** नामक पुस्तक पाइन्छ । आठौं अध्यायमा विभाजन गरी लेखिएको उक्त पुस्तकमा विशेषगरी प्राचीनकालिन किरातहरुको राज्यव्यवस्था विजयपुरलाई केन्द्रविन्दु बनाएर त्यस क्षेत्रका विभिन्न किरात राज्यव्यवस्था र इतिहाससम्बन्धी चर्चा गरेको पाइन्छ । उनले पुस्तकमा किरातको राज्यव्यवस्थाका बारेमा उल्लेख गर्दै किरात देश विभाजन हुनुअघि पूर्व फाँटमा आठ राजाहरुले आआफ्नो गाउँमा बसी राज्य गर्थे भनी चर्चा गरेका छन् । ती राजाहरु

क्रमशः हन्देन हाङ, याकेतेद हाङ, चेस्वो हाङ, लारासो पाङ्बो हाङ, इकाङ्सो हाङ, खादो हाङ र इमे हाङ थिए । लेखकले पुस्तकमा विभिन्न किरात राजाहरुको नाम बुद्धिकर्ण राय, चेम्जोङ रायलगायतका नाम उल्लेख गरेका छन् । तर, राईका अन्य जाति र संस्कार-संस्कृतिका विषयमा भने चर्चा गरेको पाइँदैन ।

विदेशी लेखक सुनिति कुमार चट्टर्जीले **किरात जनकृति** नामक पुस्तक (डा. सिसिर कुमार मित्रद्वारा वि.सं. २०३१ मा प्रकाशित) लेखेका छन् । करिब १०५ शीर्षकमा लेखिएको यस पुस्तकमा मुख्य गरी भारतीय इतिहासमा किरात अथवा मंगोलहरुको सहभागिताको वर्णन गरिएको पाइन्छ । पुस्तकमा किरातहरुको इतिहासबारे चर्चा गर्दै तत्कालिन समयको उनीहरुको राज्यव्यवस्था, भाषा, संस्कृतिसमेतको चर्चा गरिएको छ । यसबाट सकारात्मक प्रभावहरु भारतीय राज्यव्यवस्थामा परेको पनि चर्चा गरिएको उक्त पुस्तकमा किरातहरुले बोल्ने भाषा तिब्बत-बर्मेली समूहअन्तरगत पर्ने उल्लेख छ । र, यो भाषामा अस्ट्रिकहरुको प्रभाव परेको उल्लेख गर्दै पूर्वेली भाषा समूहमा पर्ने लिम्बू, धिमाल, राईलगायतमा यस्तो प्रभाव परेको चर्चा छ । लेखकले किरातहरु भारतीय भूमिदेखि चीनसम्म फैलिएको कुरा पनि उल्लेख गरेका छन् । यस्तै गरी उनले किरातहरुले नेपालमा राज्यव्यवस्था सञ्चालन गरेको विषयमा पनि चर्चा गरेका छन् । यसरी विभिन्न जातजातिहरुले भारतलगायत नेपालको इतिहासकालमा भाषा, साहित्य, राजनीति जस्ता क्षेत्रमा पुऱ्याएको योगदानका विषयमा पनि चर्चा गरेको पाइन्छ । किरातअन्तरगत लिम्बू, राईको भाषा समूहको चर्चा गरिएको भए पनि राईहरुमा हुने विभिन्न जातिहरु र उनीहरुको संस्कार, संस्कृतिको बारेमा कुनै चर्चा गरिएको छैन ।

किरात राई समुदायभित्रका अन्य विभिन्न जातिहरुको बारेमा केही लेखकहरुले सामान्य रुपमा कलम चलाएको पाइन्छ । यसबारे गहन अध्ययन-अनुसन्धान हुन नसकेको भए पनि कुलुङ जातिका सम्बन्धमा चार्लस म्यग्डोगलले **द कुलुङ राई** नामक पुस्तक (रत्न पुस्तक भण्डारबाट वि.सं. २०३६ मा प्रकाशित) लेखेका छन् । नौ परिच्छेदमा विभाजित उक्त पुस्तकमा कुलुङ जातिका राईहरुको इतिहास, जीवनशैली, संस्कार, संस्कृति, धर्मका विषयमा चर्चा गरिएको छ । यो पुस्तक कुलुङ राईसँग मात्र सम्बन्धित भएकोले यसमा साम्पाङ राईलगायत अन्य जातिका राईहरुको बारेमा भाषा, धर्म, संस्कार, संस्कृति तथा परम्पराका

बारेमा उल्लेख नहुनु स्वभाविकै हो । यसरी अन्य जातिबारे उल्लेख नभए तापनि कुलुङ जातिका बारेमा अध्ययन-अनुसन्धान गर्नेहरुका लागि भने केही सहयोग पुग्ने देखिन्छ ।

नेपालका जातजातिहरुका बारेमा कलम चलाउने डोरबहादुर विष्टले पनि **पिपुल अफ् नेपाल** नामक पुस्तक लेखी रत्न पुस्तक भण्डारबाट वि.सं. २०३७ मा प्रकाशित गरेका छन् । तीन भागमा लेखिएको उक्त पुस्तकमा उनले नेपालका हिमाल, पहाड, तराई र उपत्यकासमेतका विभिन्न जातजातिहरुको जीवनशैली, भेषभुषालगायतका विषयमा प्रकाश पारेका छन् । यसमा ब्राह्मण, क्षेत्री, नेवार, किराती (राई, लिम्बू), तामाङ, मगर, सुनुवार र जिरेल, गुरुङ, थकाली, पाँचगाउँले, चेपाङ, तराई ब्राह्मण, राजपुत, माझी, दराई, राजवंशी, सतार, धिमाल, बोडो, झाँगड, मुसलमान, हिमाली शेर्पा, ल्होमी, थुदाम, ल्होपा, (मुस्ताङ) बाह्रगाउँले, लार्के, सियार, राउटेलगायतका धेरै जातिहरुको बारेमा चर्चा छ । उनले नेपालका विभिन्न जातजातिहरुको बारेमा उल्लेख गर्दै किरात (राई, लिम्बू)हरुमा विभिन्न थर तथा समूहहरु हुने कुरा बताएका छन् । उनका अनुसार राईलाई कतै ‘जिम्दार’ त कतै ‘जिमी’ पनि भनिन्छ । यस्तै राई समुदायभित्र हुने विभिन्न थरहरु थुलुङ्गे, चाम्लिङ्गे, खालिङ्गे, पेल्माङ्गे, फालिङ्गे, रुम्दाली, सोताङ्गे, साम्पाङ्गे, तामछाङ्गे, बाहिङ्गे, बान्तावा, लोहरुङ, याम्फू, केत्रा, साम, अठपहरे र चउरासिया भएको बताएका छन् । धेरैथरिका राईहरुमा आपसी भाषाबाट बोलीचाली नबुझिने भएकाले सबैले प्रायः ‘नेपाली’ (खस) भाषामा नै बोली-व्यवहार गर्दछन् भनी उनले राईहरुमा हुने गरेका विवाह संस्कारका बारेमा पनि केही उल्लेख गरेका छन् । राईहरुले मान्ने देवीदेवता र धार्मिक पक्षहरु जाल्पादेवी, सिकारी, न्वाँगी, भूमिपूजा जस्ता विषयमा पनि चर्चा गरिएको छ । तर, लेखकले राई समुदायभित्रका सबै जातिका संस्कार, संस्कृतिहरुको बारेमा भने उल्लेख पाइँदैन । लेखकले यस पुस्तकमा किरात राई समुदायभित्र धेरै थर (जाति), भाषा तथा संस्कृति हुने कुराको संक्षेपमा उल्लेख गरेका छन् ।

यसैगरी डिल्लीरमण दाहालले **एन इथ्नोग्राफी : स्टडी अफ् सोसियल चेन्ज एमोङ द आठपहरिया राई** नामक पुस्तक त्रिभुवन विश्वविद्यालय नेपाल तथा एसियाली अध्ययन केन्द्रबाट वि.सं. २०४२ मा प्रकाशित गरेका छन् । उनले आठ परिच्छेदमा विभाजित उक्त पुस्तकमा धनकुटा जिल्लामा बसोबास गर्ने आठपहरिया राईहरुको इतिहास, जीवन, संस्कार, धर्म, जातिगत सङ्गठनलगायतबारे चर्चा गरेका छन् । लेखकले जीवन निर्वाहको रुपमा

आठपहरिया राईहरुले अँगालेको पेशा, व्यवसायसमेतको चर्चा गर्दै उनीहरुको जन्मदेखि मृत्युसम्म गरिने संस्कार, संस्कृतिहरुको पनि चर्चा गरेका छन् । उनले आठपहरीया राईहरुको संस्कारहरुको चर्चा गर्दै कुनै विवाहित स्त्रीहरु गर्भवती भए पनि लोग्नेसँगको शारीरिक सम्बन्धमा कुनै बारन नगर्ने तर यस्तो अवस्थामा ठूला नदीहरु तर्न नहुने, कुनै मृत लाश छुन नहुने, घोडाको पछि तथा रातको समयमा एक्लै हिँड्न नहुने जस्ता कुराहरु बारन गर्नुपर्ने उल्लेख गरेका छन् । समग्रमा आठपहरीया राईको जीवन संस्कारहरुको चर्चा गरेको भए पनि आठपहरिया राईबाहेक अन्य राईहरुको विषयमा भने उल्लेख गरेका छैनन् ।

किरातका सम्बन्धमा लेखक जी.पी. सिंहले **किरात्स् इन एन्सियन्ट इन्डिया** नामक पुस्तक गेइन पब्लिशिङ्ग हाउसबाट वि.सं. २०४७ मा प्रकाशित गरेका छन् । किरातहरुकै विषयमा केन्द्रित भएर सात परिच्छेदमा लेखिएको उक्त पुस्तकमा किरातहरुले प्राचीन कालमा भारतीय भूमिमा विभिन्न क्षेत्रको विकासमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । उनका अनुसारे तत्कालिन समयमा किरातहरुले भारतका उत्तर र पूर्वी क्षेत्रको विकास र सभ्यतामा बलियो योगदान गरेको र उनीहरुको योगदान सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, शैक्षिक जस्ता क्षेत्रमा थियो । लेखकले पुस्तकमा किरातहरुको प्रमुखलाई राई भनिनेसम्मको चर्चा गरेका छन् । तर, यहाँ राईभित्र विभिन्न जातिहरु हुने र उनीहरुको भाषा, संस्कृति अलग हुने कुराको चर्चा गरेको पाइँदैन । किरात समूहमा आफ्ना प्रमुखलाई राई भनिने चर्चाले तत्कालिन समयमा राई एक जातिको रुपमा नभएर किरातका अगुवा थियो भन्ने संकेत मिल्दछ ।

यस्तै अर्को विदेशी लेखक सुयोसी तोबाको पनि **राइटस् अफ् प्यासेज : एन आस्पेक्ट अफ् राई कल्चर** नामक पुस्तक रोयल नेपाल एकेडेमीबाट वि.सं. २०४९ मा प्रकाशन भएको छ । लेखकले यो पुस्तकमा राई जातिको बारेमा लेखेका छन् । छ परिच्छेदमा विभाजित यस पुस्तकमा उनले राईहरुको इतिहास, संस्कार, संस्कृति, भाषाका विषयमा चर्चा गरेका छन् । यसमा राईभित्र धेरै जातीय समूह भएकाले उनीहरुलाई एउटै वंश हो भनी परिभाषित गर्न नसकिने, राईलाई भाषाअनुसार कम्तीमा दश समूहका छुट्याउन सकिने र प्रत्येक भाषागत रुपमा फरक समूह भएजस्तै सांस्कृतिक रुपमा पनि फरक मान्न सकिने कुराको चर्चा गरेको पाइन्छ । यसरी राई समुदायमा भाषा,

संस्कृतिहरुका मान्यताहरु बेग्लाबेग्लै हुने कुरा उल्लेख गरेको भए पनि यहाँ राईअन्तरगत विभिन्न जातिहरुका संस्कार, संस्कृतिहरुका विषयमा अलगअलग चर्चा भने गरेको पाइँदैन ।

किरात राई समूहका आठपहरिया राई पनि एक छुट्टै जातीय अस्तित्व भएको समुदाय हो । यस समुदायबारेमा काजीमान कन्दङ्वाले **आठपहरिया राई जातिको दिनचर्या** नामक पुस्तक लेखेर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०५० सालमा प्रकाशित गरेका छन् । जम्मा २२ शीर्षकमा लेखिएको उक्त पुस्तकमा किरात राईहरुमध्येका आठपहरीया राईको इतिहास, धर्म, भाषा, संस्कार, संस्कृति, परम्परा, लोककथाहरु र उनीहरुले मान्ने गरेका विभिन्न देवदेवीहरुको विषयसमेत समेटेर यस जातिका बारेमा चर्चा गरिएको छ । लेखकले यो पुस्तकमा आठपहरिया राईहरुका विषयमा सबैखाले जानकारीमूलक सन्दर्भहरु दिएका छन् । यस पुस्तकले आठपहरिया राईबारे अध्ययन-अनुसन्धान गर्नेहरुका लागि सहयोग पुग्ने देखिन्छ । तर, साम्पाङ राईलगायत अन्य जातिका संस्कार-संस्कृतिबारे उल्लेख नभएकाले यो पुस्कतबाट अन्य जातिका राईहरुबारे अध्ययन अनुसन्धानका लागिभने सहयोग पुग्ने देखिँदैन ।

यसैगरी लेखक भूइँदल राईले **किरात धर्म, संस्कार र संस्कृति : एक खोजी** पुस्तक आफैंले वि.सं. २०५२ मा प्रकाशित गरेका छन् । यसमा किरातहरुको धर्म, संस्कार, संस्कृतिको चित्रण गर्ने प्रयास गरिएको छ । पुस्तकमा किरात जातिहरुमा हुने धार्मिक, संस्कारजन्य तथा सांस्कृतिक मान्यताहरुका बारेमा चर्चा गरिएको छ । किरातीहरू प्रकृतिपूजक भएकोले प्रकृतिका विभिन्न वस्तुहरुलाई इष्टदेव मानेर पूजा गर्दछन् भन्ने चर्चा गर्दै राईहरुले मान्ने इष्टदेवहरुमा जलदेव, नागदेव, सिकारीदेव, सिंहदेव, बाँदरदेव, सूर्यदेव, आकाशदेव, भूमिदेव आदिको चर्चा गरिएको छ । यस पुस्तकमा विभिन्न जातिका राईहरुको संस्कार, संस्कृतिहरुको चर्चा गरिएको छैन । यसर्थ यो पुस्तकले समग्र राईहरुको धर्म, सस्कृतिको संक्षिप्त चर्चा मात्र पाउन सकिन्छ । साम्पाङ राईबारे अध्ययन-अनुसन्धान गर्ने आधार बन्न भने सक्दैन ।

सन्तकुमार 'इसारा' राईले बान्तावा राईसँग सम्बन्धित भएर **दोवाङदुम शामकालिङ** नामक पुस्तक लेखेर किरात राई यायोक्खाबाट वि.सं. २०५५ मा प्रकाशित गरेका छन् । छ अध्यायमा लेखिएको उक्त पुस्तक बान्तावा भाषामा उनै जातिहरुको बारेमा चर्चा गरिएको छ । यसमा बान्तावा राईहरुको इतिहास, धर्म तथा संस्कार, संस्कृतिमाथि प्रकाश पारिएको

छ । लेखकका अनुसार किरात उत्पत्तिको विषयमा चर्चा गर्दै प्रथमतः सृष्टिकर्ताको रुपमा पारुहाङले सारा प्राणी उत्पत्ति गरेको हो । बान्तावा जातिका राईसँग सम्बन्धित यो पुस्तकमा अन्य जातिका राईहरुको भाषा, धर्म, संस्कार, संस्कृति र परम्पराबारे चर्चा गरिएको पाइँदैन ।

लेखक भूपध्वज थोमरोसको वि.सं. २०५७ सालमा **कुलुङ सांस्कृतिक अध्ययन** पुस्तक माउन्टेन इन्स्टिच्युटबाट प्रकाशित भएको छ । यस पुस्तकमा ३३ शीर्षक रहेका छन् । लेखकले पुस्तकमा यो जातिको इतिहासको संक्षेप वर्णन गर्दै जन्मदेखि मृत्युसम्मका संस्कार, वंशावली, भाषा, पेशा, धर्मअन्तरगत विभिन्न देवदेवीहरुको पूजा, आस्था, विश्वास, सामाजिक रीतिरिवाज, जीवनलगायतका समग्र विषयको चर्चा गरेका छन् । तर, यहाँ कुलुङबाहेकका अन्य जातिका राईहरुको संस्कार, संस्कृतिहरुका बारेमा भने चर्चा गरिएको पाइँदैन ।

किरातबारे स्वामी प्रपन्नाचार्यको **प्राचीन किरात इतिहास** पुस्तक किरातेश्वर प्रकाशनबाट वि.सं. २०५७ मा प्रकाशित भएको छ । पुस्तकमा लेखकले किरातबारे बृहद् चर्चा गरेका छन् । पुस्तकमा किरातहरुको उत्पत्तिका आधार, इतिहास, विभिन्न क्रियाकलाप, राई समुदायका विभिन्न जाति, पाछा, राज्यव्यवस्था, भाषा, धर्म, संस्कार, संस्कृति आदि विषयमा चर्चा गरिएको छ । कुलुङ जातिको उद्गमस्थान पावै, महाकुलुङ भएको चर्चा गर्दै लेखकले कुलुङ वंशावलीको बारेमा चर्चा गर्ने क्रममा सुम्निमा, सुम्निमे आदिको सविस्तार चर्चा गरेका छन् । मानव सृष्टिको क्रममा सर्वप्रथम फेप्तु कान्छ हितिबेइ, कुलुङहरुको प्रथम पुर्खाको रुपमा वाइरिप्चोलाई मानिएको छ भनि चर्चा गरेका छन् । पुस्तकमा केही जातिका राईहरुको पाछाहरुका बारेमा उल्लेख भए पनि उनीहरुको संस्कार, संस्कृति, धर्म, भाषाका बारेमा छुट्टै चर्चा गरिएको छैन । यस पुस्तकको अध्ययनले समग्र किरातका बारेमा अध्ययन-अनुसन्धान गर्न सहयोग पुग्ने देखिन्छ । तर, राई समुदायभित्रका साम्पाङलगायत विभिन्न जातिहरुको संस्कार, भाषा, धर्मलगायतका विषयमा अध्ययन गर्न भने आवश्यक सहयोग पुग्ने देखिँदैन ।

टंकबहादुर राईको **किरातभूमि र किरात जनजीवन** पुस्तक उत्तरकुमार राईद्वारा वि.सं. २०५८ मा प्रकाशित भएको छ । कुनै अध्याय नखोली १२ विभिन्न शिर्षकमा लेखिएको सो पुस्तकमा किरात राईको इतिहास, राज्यव्यवस्था, धर्म, संस्कृति, भाषा, किरातहरुको बासस्थान र वर्तमान स्थितिको चर्चा गरिएको छ । यसमा राईहरुमा हुने

विभिन्न जाति र सोहीअनुसार बेग्लाबेग्लै भाषा, संस्कार, संस्कृति र मान्यताहरु हुने उल्लेख गरिएको छ । तर, थरगत रुपमा हुने संस्कार, संस्कृति, भाषालगायतका विविधतबारे भने चर्चा गरिएको छैन ।

खड्गविक्रम चाम्लिङ राईको किरातहरुको इतिहास तथा राजनीतिका विषयमा प्रकाश पार्ने हेतुले **किरात ऐतिहासिक घटनाक्रम** पुस्तक प्रकाशित छ । श्रीमती मेनुका लिम्बूद्वारा वि.सं. २०५९ मा प्रकाशित यो पुस्तक पाँच खण्डमा विभाजित छ । पुस्तकमा नेपालको प्राचीन इतिहास, किरातहरुको राज्यव्यवस्था, किरात र सेनहरुको सम्बन्धहरुको चर्चा गरिएको छ । यस्तै गरी किरात र गोरखा राज्यबीचको युद्धमा किरातहरुको राज्यव्यवस्था अन्त्य भएको कुरा उल्लेख गर्दै माझकिरात रावाखोलाको चतिन हाङ राई [चतुरघना राई] र पेनाखेला राजा अटल हाङ राईहरुले राज गर्दै रहेको कुरा पनि उल्लेख गरेका छन् । यस्तै किरातहरुले मान्ने धर्म र अन्य धर्मको प्रभाव बारे पनि केही उल्लेख गरिएको छ । उनले पुस्तकमा राई समुदायभित्रका विभिन्न जातिहरुमा हुने विविध भाषा, धर्म, संस्कार, संस्कृति, मूल्यमान्यता तथा परम्पराका विषयमा भने चर्चा गरेका छैनन् । किरातको इतिहासबारे जानकारी प्राप्त भए पनि जातीय परम्पराका बारेमा भने पुस्तकबाट खास जानकारी पाइँदैन ।

कोयु जातिका राईहरु पनि अन्य जातिजस्तै आफ्नै भाषा, संस्कृति भएको जातिको रुपमा देखिन्छ । यसबारेमा फणिन्द्र कोयु राईको आफ्नै थरका संस्कारहरुबारे **मुन्धुम** नामक पुस्तक राजबहादुर कोयीद्वारा वि.सं. २०५९ सालमा प्रकाशित भएको छ । अध्याय र परिच्छेद नखुलाई विभिन्न शिर्षकमा लेखिएको उक्त पुस्तकमा किरात कोयु राई समाजमा हुने धार्मिक मान्यताअनुसार मान्ने पितृ पूजा, इष्टदेव र जन्मदेखि मृत्युसम्मका संस्कारगत कुराहरुको समेत चर्चा गरिएको छ । यो जातिमा गरिने विवाहका प्रक्रिया, मृत्युसम्बन्धी विभिन्न संस्कारहरु उल्लेख गरेको पाइन्छ । तर, यहाँ कोयु राईबाहेक साम्पाङ राईलगायत अन्य जातिका कुनै पनि कुराहरुको चर्चा गरिएको छैन ।

इमानसिं चेम्जोङको **हिस्ट्री एन्ड कल्चर अफ् द किरात पिपल** पुस्तक किरात याक्थुङ चुम्लुङले वि.सं. २०६० मा प्रकाशित गरेको छ । भाग १ र भाग २ गरी दुई भागमा प्रकाशित सो पुस्तकमा किरातअन्तरगत लिम्बूहरुको इतिहास, राज्यव्यवस्था, धर्म, संस्कार, संस्कृतिहरुका बारेमा चर्चा गरिएको छ । पुस्तकमा जन्म, विवाह र मृत्युको नियम बनाउने

प्रथम व्यक्ति येहाङ हुन् भन्ने उल्लेख छ । लेखकले तत्कालिन समयमा पल्लो किरात क्षेत्रमा राज गर्ने केही राजाहरुको नाम पनि उल्लेख गरेका छन् । ती सबै राजाका नामहरुको अन्तमा राई लेखिएको तर राईलाई जातिको रुपमा उल्लेख गरिएको छैन । उनले तत्कालिन समयमा राई जातिको रुपमा नभएर शासकको रुपमा रहेको संकेत गरेका छन् । किनभने, विभिन्न लिम्बू नाम र थरका पछाडि राई शब्द जोडेका छन् । यसरी राई शब्दलाई जातिको रुपमा उल्लेख नगरिएपछि राई समाजमा हुने विभिन्न जाति र उनीहरुका अलग संस्कार, संस्कृति, धर्म, भाषा, परम्परा, मूल्यमान्यताहरुको चर्चा नहुनु स्वभाविकै देखिन्छ ।

हर्कबहादुर बुङ्लावा राईले **बुङलावा वंशावली** पुस्तक स्वयंले वि.सं. २०६० मा प्रकाशित गरी बुङ्लावा राईहरुको बारेमा चर्चा गर्ने प्रयास गरेका छन् । उनले बुङ्लावा राईहरुलाई अन्य जातिका राईहरुभन्दा बेग्लै संस्कार, संस्कृति भएको उल्लेख गरेका छन् । करिब ११ शिर्षकमा लेखिएको यस पुस्तकमा बुङ्लावा राईहरुको उत्पत्तिसम्बन्धी इतिहास, मिथक, भाषा, संस्कार, संस्कृति, राजनीतिक, आर्थिक, सामाजिक जीवनशैलीको बारेमा समेत संक्षिप्त चर्चा गरिएको छ । पुस्तकमा लेखकले अन्य जातिका राईहरुको विषयमा भने चर्चा गरेका छैनन् । यस पुस्तकले बुङ्लावा राई जातिको अध्ययन-अनुसन्धानमा सहयोग पुग्ने देखिन्छ । तर, साम्पाङ जातिलगायत विभिन्न जातिका संस्कार, संस्कृतिको अध्ययन गर्न भने सहयोग मिल्दैन ।

राई समाजका अर्का लेखक गणेश राईको **वाम्बुले राई** पुस्तक वाम्बुले राई साहित्य प्रकाशनबाट वि.सं. २०६४ सालमा प्रकाशन भएको छ । तीन खण्डमा विभाजित पुस्तकमा वाम्बुलेलाई पनि अन्य जातिका राईजस्तै बेग्लै जातीय पहिचान भएको समुदायको रुपमा चित्रण गरिएको छ । पुस्तकमा वाम्बुले राईहरुको इतिहास, संस्कार, संस्कृति, धर्म, भाषालगायतका कुराहरुको चर्चा गरिएको छ । उनले पुस्तकमा वाम्बुले राईहरुको जन्म, विवाह, मृत्यु, इष्टदेवहरुको समेत चर्चा गरेका छन् । पुस्तकमा वाम्बुलेबाहेक अन्य कुनै पनि राई जातिको बारेमा उल्लेख गरिएको छैन ।

प्रवीण पुमाले राष्ट्रिय मासिक पत्रिका सिलौटी टाइम्स्मा पुमा राई पनि बेग्लै भाषा, धर्म, संस्कार भएको बताएका छन् । उनको **किरात पुमा राईहरूको जीवन संस्कार** शीर्षक लेख सिलौटी टाइम्सले वि.सं. २०६२ मा प्रकाशित गरेको हो । लेखमा यो जातिको जन्मदेखि

मृत्युसम्म गरिने संस्कारहरुको उल्लेख गरिएको छ । लेखकले पुमा राईहरुमा जन्मलाई पुमा भनिने र त्यही आधारमा पुमा जाति नामाकरण हुन गएको चर्चा गरिएको छ । अन्य जातिका राईहरुको भाषा, धर्म, संस्कार संस्कृति तथा परम्परागत मूल्यमान्यताहरुका बारेमा भने केही चर्चा गरिएको छैन ।

यस्तैगरी मधुसुदन पाण्डेयको **नेपालका जनजातिहरु** पुस्तक पैरवी प्रकाशनबाट वि.सं. २०६३ मा प्रकाशित भएको छ । पुस्तकमा नेपालमा बसोबास गर्ने ६१ जनजातिहरुको संक्षिप्त परिचय दिइएको छ जसमा राई जातिको पनि परिचय समेटिएको छ । पुस्तकमा राईहरुको बसोबास क्षेत्रका बारेमा, राईहरुको मूलथलो पूर्वी पहाडको वल्लो किरात, पल्लो किरात र माझकिरात हो भन्ने उल्लेख गर्दै उनीहरुको बसोबास इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, उदयपुर, ओखलढुंगा, सोलुखुम्बु, भोजपुर, खोटाङ र धनकुटा जिल्ला उल्लेख गरिएको छ । राई जातिलाई खोला र पहाडमा बसोबास गर्ने हुँदा यिनीहरुको थर (जाति) पनि अलग-अलग भएको बताएका छन् । उनले छिलिङे, माङबुङ, होम्बारक, छारा, पाङसुङ, फोक्खिम, खावादुक, लेङसुवा, किम्दाङ, चरिङमे, छोङदेन, पात्रे, छिगेवा, रोदुवा र चल्ले यी १५ थरी राईलाई आठपहरिया राई भनिन्छ भन्ने उल्लेख गरेका छन् ।[1] तर, लेखकले राई समुदायको एक जातिको मात्र चर्चा गरेका छन् । साम्पाङ राईलगायत अन्य राईहरुको संस्कार, संस्कृतिका बारेमा कुनै चर्चा गरिएको छैन । यस्तै लेखकले राईहरुमा प्रचलित एक प्रकारको सेहैं (असहज मृत्युभएकाको मृत आत्मा)का बारेमा पनि चर्चा गरेका छन् । यो प्रायः सवै जातिका राईहरुमा विश्वास गरिने भए पनि केही मान्यता भने फरक रहेको पाइन्छ ।


यस्तै गरी खगेन्द्र साम्पाङ राईले साम्पाङ राई पनि राई समूहअन्तरगतका बेग्लै जातीय अस्तित्व भएको जातिको रुपमा चित्रण गर्दै **किरात साम्पाङ राईको धार्मिक संस्कार** शिर्षकको लेख निप्सुङ पत्रिकामार्फत् किरात राई यायोक्खाले वि.सं. २०६३ मा प्रकाशित गरेका छन् । लेखकले साम्पाङ राई समाजमा हुने परम्परागत मान्यताअनुसारका धार्मिक जीवनपद्धति आदि बारे चर्चा गरेका छन् । यसमा धार्मिक कार्य सम्पन्न गर्ने प्रमुख कुबिमी

---

[1]. मधुसुदन पाण्डेय, **नेपालका जनजातिहरु,** (काठमाडौं : पैरवी प्रकाशन, २०६३, पृ. १५८) मा लेखकले दिएको विवरणअनुसार राई जातिमा 'सिये' भन्ने भूतमाथि विश्वास रहेको हुन्छ । यो भूत चुल्हो, अगेनो र राईका शव गाडिने ठाउँमा बस्छ भन्ने भनाइ छ । सियेको प्रभाव पर्नासाथ मानिसको कपाल दुख्न थाल्दछ र बान्ता पनि हुन्छ भन्दछन् । त्यसैले कपाल दुख्न थाल्यो भने राईहरु शिरको कपाल मुठ्ठीभरि समाएर झड्का दिएर तान्ने गर्दछन् । यस्तो कार्यलाई राई भाषामा 'टाङ्ची' पड्काउने भनिन्छ । बान्ता भयो भने यसले हैजाको रुप पनि लिनसक्ने विश्वास यिनीहरुमा छ । राईहरुमा खटिरा नआओस् र अंगभंग भएका केटाकेटीहरु नजन्मून् भनेर 'नागी' पूजा गर्दछन् ।

(धामी/बिजुवा)हरु हुने र उनीहरुको धर्मकर्मको मान्यताहरु पूरा गर्ने आधार मुन्धुम (हिन्दूहरुको वेद, इसाईहरुको बाइबल, मुस्लिमहरुको कुरान भए जस्तै) हुन्छ भनी चर्चा गरेका छन् ।[२] तर, यहाँ साम्पाङ राईहरुको धार्मिक संस्कारबाहेक अन्य संस्कार, संस्कृतिको बारेमा भने केही उल्लेख छैन ।

सामान्यतः प्राचीन साहित्यिक स्रोतलगायत वर्तमानका विभिन्न जातिगत पुस्तक, पत्रपत्रिका जस्ता लिखित तथा मौखिक तथ्यअनुसार साम्पाङ राईजातिको जातीय संरचनामा निम्न प्रकारको पाइन्छ :




हालसम्म विभिन्न लेखक तथा अनुन्धानकर्ताले किरात राईहरुका बारेमा प्रकाशित गरेका ऐतिहासिक लिखतहरु वेद, पुराण, विभिन्न ग्रन्थकारहरुले प्रकाशित गरेका पुस्तक, संविधान, ऐन, प्रतिवेदन, पत्रपत्रिका, लेखरचना, अप्रकाशित लिखित सामग्री र व्यक्तिगत अन्तर्वार्तासमेत अध्ययन गर्दा यी सवै लेख्य साहित्यिक स्रोतहरुले **किरात साम्पाङ राईहरुका संस्कारहरु**को विषयमा अध्ययन-अनुसन्धान गर्न सहायक भूमिका निर्वाह गरेका छन् । यद्यपि प्रस्तुत शोधमा स्थलगत अध्ययनलाई नै महत्वपूर्ण आधार बनाइएको छ । सबैजसो लेखकहरुले किरात, राई र राईका थोरै जातिहरु बान्तावा, चाम्लिङ, मेवाहाङ, बुङ्लावा जस्ता केहीको मात्र अध्ययन गरेका छन् । यस्तै लिम्बूहरुका विषयमा पनि केही अध्ययन-अनुसन्धान भएको छ । तर, किरात राईअन्तरगतका साम्पाङ राई जातिका विषयमा भने केही अध्ययन-अनुसन्धान भएको पाइँदैन । यस जातिको सांस्कृतिक सम्पदाको रुपमा रहेको परम्परागत संस्कारहरु लिपिबद्ध गरी संरक्षण नगर्ने हो भने भोलिका दिनमा जातीय पहिचानजन्य यी संस्कारहरु लोप भएर जाने खतरा छ ।

---

२. खगेन्द्र साम्पाङ राई, "किरात साम्पाङ राईको धार्मिक संस्कार", **निप्सुङ**, (वर्ष १३, अंक २४, २०६३), पृ. २१ ।